ग्रामीण पत्रकारिताको प्रयास

जनता टाइम्स

साप्ताहिक

JANATA TIMES WEEKLY



पृष्ठ ३ मा

पानीबाट फैलने रोग

❑ वर्ष-११ ❑ अङ्क-१२, २०७६ साउन ११ गते, शनिबार (July 27, 2019 Saturday) www.janatimes.com मुल्य रू. ५/- पृष्ठ संख्या: ६

पूर्वमन्त्री सिंह रहेनन

सप्तरी / पूर्वमन्त्री चुतुर्भुजप्रसाद सिंहको विहीबार निदन भएको छ ।

पञ्चायतकालमा सात वर्षमन्त्री भएका सिंहको राजविराजस्थित निवासमा विहीबार बिहान ८७ वर्षको उमेरमा निधन भएको हो । पारिवारिक पृष्ठभूमिका कारण युवा उमेरदेखि नै राजनीतिमा होमिएका उनी विस २०१७ मा पञ्चायती व्यवस्थाको स्थापनापछि राजनीतिमा सक्रिय भएका हुन ।

सिंह पञ्चायतकालीन समयमा जनस्तरमा गहिरो राजनीतिक पकड जमाएका कारण २०१७ सालदेखि २०३२ सालसम्म राष्ट्रिय पञ्चायत सदस्य भएका थिए ।

प्रधानमन्त्री कीर्तिनिधि विष्टको मन्त्रिमण्डलमा २०२५ चैत २५ गते निर्माण, सञ्चार र यातायातमन्त्री बनेका थिए । त्यसपछि २०३० साउन १ गतेदेखि २०३२ मङ्सिर १४ गतेसम्म प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालको मन्त्रिमण्डलमा उद्योग तथा वाणिज्यमन्त्री भएका थिए । विसं १९८९ असोज १ गते सप्तरीको साविक बसबिट्टी गाविस-१ हाल रुपनी गाउँपालिका-५ मा जन्मिएका सिंहले राजविराजको पविमाविबाट मेट्रिक उत्तीर्ण गरेका थिए ।

नेपाल रेडक्रस सोसाइटी सप्तरीका अध्यक्ष र लायन्स क्लब राजविराजका संस्थापक भई अध्यक्षको भूमिकासमेत निर्वाह गरेका सिंह २०३२ सालदेखि २०४६ सालसम्म पञ्चायत नीति तथा जाँचबुझ समितिका सदस्य भएका थिए । सिंहकै संयोकत्वमा २०१६ सालमा मूर्तरुप लिएको रुपनी गाउँपालिका-५ बसबिट्टीस्थित जनता माविपछि २०३१ सालमा सिंहकै जग्गामा स्थापना गरिएको विद्यालयले जनाइएको छ ।

सिरहा जिल्लाको नरहारिगौलमा लक्ष्मीनारायण कौशल्या माबि स्थापना गरेका सिंहले राजविराज-रुपनी सडकखण्डको निर्माण तथा राजविराजको दुरसञ्चार र राजविराज औद्योगिक क्षेत्र स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको उनका परिवारल जनाएका छन् । पूर्वमन्त्री सिंहका दुई छोरा र एक छोरी छन् । पछिल्लो समय सिंह रक्तचापबाट पीडित भएको परिवारिक श्रोतले जनाएको छ ।

शुक्रबार सप्तकोशी नदीमा उनको अन्त्येष्टि भएको थियो । सिंहका कान्छा छोरा उपप्राध्यापक सुमनप्रसाद सिंहले उनको पार्थिव शरीरमा दागबत्ती दिए ।

राष्ट्रिय सभाका अध्यक्ष बाढी प्रभावित क्षेत्रमा



खगेन्द्र कार्की

फत्तेपुर /राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिम्सिनाको नेतृत्वमा आएको टोलीले सोमबार सप्तकोसी नगरपालिकामा त्रियुगा नदीमा आएको बाढीले पुऱ्याएको क्षतिको बारेमा निरीक्षण गरेको छ ।

निरीक्षणका क्रममा अध्यक्ष तिम्सिनाले अल्पकालीन र दीर्घकालीन रुपमा योजना नबनाई काम गर्नाले जोखिम आउने बताउँदै तुरुन्तै गर्नुपर्ने काम र दीर्घकालीन र ठोस रुपमा गर्नुपर्ने कामको छनौट गरी काम गरेमा विपद न्यूनीकरण भएर जाने बताए ।

क्षतिका बारेमा नहेरी कन राहत वितरण गर्ने गरेका कारण पीडितले राहत नपाउने गरेको बताउदै त्यसैका लागि यो टोली प्रदेश नं २ को ८ जिल्ला र प्रदेश नम्बर १ को सुनसरी र मोरङमा निरीक्षण गर्न आएको उनले जानकारी दिए ।

नीतिगत हिसाबले भोलिका दिनमा कसरी दिगोपना ल्याई काम गर्ने हो त्यसमा सबैको ध्यान जान जरुरी रहेको र अध्ययन निरीक्षण पश्चात प्रतिवेदन तयार गरी सरकारलाई बुझाउने र अल्पकालीन र दीर्घकालीन योजना बनाई राहतका साथै नदि नियन्त्रणको काम थाल्ने तिम्सिनाले बताए ।

राष्ट्रिय सभाका सदस्य सुमनराज प्याकुरेलले ठोस रुपमा प्लानिङ्ग गरेर नदि नियन्त्रणको काम नगरेको कारण यस्ता विपद निम्तिने गरेको बताउदै खोलामा बालुवा भरिएका कारणले गर्दा पनि बाढी बस्ती तथा खेलमा प्रवेश गरी धनजनको क्षति हुने गरेको बताए । यसको व्यवस्थापन र राहतका लागि आफूले पहल गर्ने बताए ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जिल्ला भरीमा बाढीले पुऱ्याएको क्षति , उद्धार र हालसम्म दिइएको राहतका बारेमा जानकारी गराउदै बाढीबाट भएको क्षतिको प्रतिवेदन राष्ट्रिय सभाका अध्यक्ष तिम्सिनालाई हस्तान्तरण गरेका थिए ।

बाँकी अन्तिम पृष्ठमा

"लोभ, लालच र प्रलोभनमा नपरौं अबः लैङ्गिक हिंसा विरुद्ध लागौं सब ।"

"समन्वय, सहकार्य र साझेदारी सरकारः लैङ्गिक हिंसाको अन्त्य मानव अधिकार ।"

"सीप, सृजना र रोजगारी सहित अघि बढौं : लैङ्गिक हिंसा र दुर्व्यवहार हामी नसहौं ।"

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग



२४सै घण्टा तपाईहरुको सेवामा

हाम्रा सेवाहरुः

छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ

डा.अनिता बर्मा, जनरल फिजिसियन

डा. बद्रीप्रसाद भट्टराई

डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते

डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६ गते

स्पोर्ट सेवाहरुः

इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार गरिन्छ ।

एम्बुलेन्स सम्पर्कः ९८५२८५५११२



नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा सेवा उपलब्द रहेको छ ।

माता मनकामना पोलिक्लिनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२ र ९८५२८५५११२

राष्ट्रिय . . .

सप्तकोसी नगरपालिकाका नगर प्रमुख उत्तम गौतमले त्रियुगा , मलेठ , गंगाजली , अमाहा लगायतका खोलामा आएको बाढीले नगरपालिकाको वडा नं। १,२,३,६,७,८ र ९ को क्षति पुगेको र बढी क्षति वडा नम्बर १,२,३,६ र ७ मा भएको जानकारी गराए ।

बाढीका कारण ६ सय घरधुरी प्रभावित भएको , त्यसबाट १५ हजार जनसंख्यालाई असर परेको , ५ हजार बिग्घा जमिनमा लगाएको धान , बीउ नष्ट भएका कारण क्षतिपूर्तिको आवश्यकता भएको , खासगरी दलित बस्तीमा ठूलो समस्या भएकोले लत्ताकपडा , बस्ने ठाउँ र खानेकुराको बढी आवश्यक भएको र नदि नियन्त्रणमा नलाग्ने हो भने ठूलो विपद आइपर्ने मेयर गौमतमले जानकारी गराए ।

कञ्चनरूप नगरपालिकाका नगर प्रमुख बसन्त कुमार मिश्रले नदीमा बालुवा भरी नदि नियन्त्रण गर्ने कामको अन्त्य नभएसम्म यस्ता विपदको अन्त्य नहुने बताउदै ठोस रुपमा पक्की बाध बनाई नदी नियन्त्रण गर्न टोलीलाई सुझाव दिए । महुली , सुन्दरी , बन्द्राहा , पौडाहा , लगायतका खोलामा आउने बाढीले यस नगरपालिकामा असर पुग्ने गरेको र यसपालिको बाढीले वडा नम्बर १ र ११ मा ठूलो क्षति भएको जानकारी गराए ।

टोलीमा राष्ट्रिय सभाका उपाध्यक्ष शशिकला दाहाल , सांसदहरू , सुरक्षा निकाय समेत रहेका थिए ।

सम्पूर्ण कपडाको लागी सदैव सम्झनुस्

हाम्रा सेवाहरू:

यहाँ विभिन्न ब्रान्डका स्वदेशी बिदेशी रेडिमेट कपडा, थान कपडा, बिहे बर्तबन्ध लगायत का लागी दौरा सुरूवाल कोट पेन्ट, कुर्ता सुरूवाल, लेडगा, ट्प्स लेडिज गाउनलगायतका सामान हरू सुफत मुल्यमा उपलब्ध गराइन्छ।

जेके स्टोर सप्तकोसी १ फत्तेपुर

नयाँ बजार छिर्ने मोड, सम्पर्क ९८१९९२८३६३

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा



अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज,LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ र मौकाको फाईदा उठाउनु होला र

IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरून्त पाउनुका साथै

प्रो.केदार श्रेष्ठ

माता मनकामना इन्टरप्राइजेज सप्तकोसी -१, फत्तेपुर

०३१-५५०१०६, ९८०७७७३८९१, ९८५२८२१२९१

सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय फत्तेपुर, सप्तरी
आन्तरिक श्रोत संकलन सम्बन्धी
सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/४/३

स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुसार यस नगरपालिकाको क्षेत्र भित्र आ.व. ०७६/७७ (एक वर्ष) लागि तपसिल बमोजिमका आन्तरिक श्रोत संकलन गर्न इच्छुक व्यक्ति, संस्था, फर्म तथा कम्पनीहरुबाट निम्म बमोजिम रित पुऱ्याई शुल्क संकलनका लागि सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासन गरिएको छ ।

दरभाउ पत्र नं.	आन्तरिक श्रोत संकलन विवरण	क्षेत्र	न्यूनतम वार्षिक कबोल अंक	दरभाउ पत्र फाराम दस्तुर	खरिद तथा पेश गर्ने अन्तिम	दरभाउ पत्र खोल्ने समय	आवश्यक धरौटी र बैंक खाता नं.	कैफियत
०१/ आ.श्रो. प्याकेज नं. १	सवारी पार्किङ्ग तथा सरसफाई शुल्क	नगर क्षेत्र	१७,५१०००/००	१००० पछि फिर्ता नहुनेगरी	सूचना प्रकाशन भएको मितिले १५ भित्र खरिद र १६ औ दिनको १२:०० बजे भित्र नगर पालिका कार्यालयमा दाखिला गर्नु पर्नेछ ।	१६ औ दिनको २ :०० बजे	कबोल अंकको ५ प्रतिशत रकम नेपाल बैंक लि. फत्तेपुर शाखाको खाता नम्बर ११३०३०००००००००००३०१ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर	
०१/ आ.श्रो. प्याकेज नं. २	हाटकर	वडा नं. १ को फत्तेपुर (सोमबारे, शुक्रबारे) पशु हाट समेत	४,४०००/००					
०१/ आ.श्रो. प्याकेज नं. ३	हाटकर	वडा नं. ८ को मंगल र वडा नं. ४ को बलार्दह हाटिया	१,६५०००/००					
०१/ आ.श्रो. प्याकेज नं. ४	हाटकर	भगनी हाटिया	३९०००/००					
०१/ आ.श्रो. प्याकेज नं. ५	विज्ञापन कर	नगर क्षेत्र	३०,५००/००		सूचना प्रकाशन भएको मितिले ७ भित्र खरिद र ८ औं दिनको १२:०० बजे			

१. दरभाउ पत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म वा कम्पनी भए फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपीसाथ निवेदन पेश गरि कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउ पत्रसाथ संक्कलन भौचर र नेपाली नागरिकताको प्रतिलिपी वा फर्म भए फर्म दर्ता प्रमाणपत्र, कर दर्ताको प्रतिलिपी र आ.व. ०७४/७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न राखि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । साथै दरभाउ पेश गर्ने खाम बाहिर प्रष्ट बुझिने गरि ठेक्का नं. र ठेक्का विवरण उल्लेख गरि सिलबन्दी दरभाउ पत्रदाताको नाम, थर ठेगाना र सम्पर्क नं. समेत प्रष्ट उल्लेख भएको हुनु पर्नेछ ।

३. पहिलो किस्ताको रकम ठेक्का अंकको ५० प्रतिशत कायम गरिने र अन्य दुई किस्तामा २५/२५ प्रतिशतमा विभाजन गरिनेछ । पहिलो किस्ताको रकम ठेक्का सम्झौता अधि नै यस कार्यालयमा बुझाउनु पर्नेछ । दोश्रो किस्ताको रकम सम्झौताको मितिले चौथो महिनामा र अन्तिम किस्ताको रकम सम्झौताको मितिले आठौं महिना भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । एकमुष्ठ नबुझाई किस्तामा रकम बुझाउनेको हकमा पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबर ठेक्का अवधि भएको बैक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउ उपर कुनै कारवाही गरिने छैन् ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा मुल्य अभिवृद्धि कर बाहेकको कबोल अंक उल्लेख गर्नु पर्नेछ । प्रचलित कानून बमोजिम लाग्ने कर, दस्तुर आदि बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ । मुल्य अभिवृद्धि करको हकमा प्रचलित कानून बमोजिम लाग्ने मु.अ.क. रकम किस्ता भुक्तानी सँगै अग्रीम रुपमा बुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख:शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८९६७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY
साप्ताहिक

प्रकाशकीय.....

नागरिकलाई पनि जिम्मेवार बनाउनु पर्दछ

बर्षापछि आएको बाढीका कारण मुलुक आक्रान्त बनेको छ । पानी निरन्तर परका कारण पीडितलाई राहत न्यवस्थापन तथा उद्धारमा समस्या भइरहेको छ । कपितपय स्थानमा विस्तापितहरू भोकभोकै बसिरहेका छन् । तीनै तहका सरकारले पीडितलाई उचित राहत र न्यवस्थापन गर्न नसक्नु विडम्बना हो ।

बाढी पहिरो सालन्ने आउने गर्छ । मानविय भौतिक क्षति हुने गरेको छ । बाढी पहिरो आएका बेला मात्र चिन्ता गर्ने प्रवृतिले सालन्ने बेहिसाव मानिसहरू बाढीमा बग्ने गरेका छन् । पहिरोले पुरिने गरेका छन् । आफ्नो घरखेत गुमान बाध्य छन् । बाढी पहिरो आउने कारणहरू खोज्ने र बाढी पहिरो न्युनिकरणका लागि कुनै दीर्घकालिन योजना राज्यले नबनाउदा धनजनको क्षति हुने गरेको कुरालाई अव राज्यले मनन गर्नु पर्छ ।

भएको श्रोत र साधानलाई उचि न्यवस्थापन गदैं सम्भावित बाढी पहिरो प्रति बेलामा राज्य सचेत हुनु पर्छ । खोला पैनी थुन्ने, जताभावी मापदण्ड विपरित सडक खन्ने, वातावरणीय प्रभावबारे अध्ययन नगर्ने परिपाटी अव ग्याग्नु पर्छ । नागरिकमा पनि बाढी पहिरोको जोखिमबारे जनचेतनाका कार्यक्रम राज्यले ल्याउनु वाञ्छानिय हुन्छ । राज्यले नागरिकलाई पनि जिम्मेवार बनाउनु पर्दछ ।

☎ जरूरी टेलिफोन ☎

⇩सप्तरी

जिल्ला प्रसासन कार्यालय, सप्तरी	०३१-५२०६२४
क्षेत्रीय प्रहरी कार्यालय,	५२००४५,
जिल्ला प्रहरी कार्यालय,	५२००५५
प्रहरी चौकी, फत्तेपुर,	५५०१००
सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर,	९७४३०२३०२१
नेपाल रेडक्रस सोसाईटी,	५२०२५८
जिल्ला जनस्वास्थ्य कार्यालय,	५२१६०६
प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर,	५६०००५
उपस्वास्थ्य चौकी, सप्तकोशी नपा,	५५०१६९
एम्वुलेन्स सेवा, सप्तकोशी नपा	५५०१६९
सप्तकोशी नगरपालिका, फत्तेपुर,	५५००१९
ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर,	५५०११२
टेलिकम शाखा फत्तेपुर,	५५००६६

प्रदेश २ को बजेट : नमूना प्रदेश बन्छ ?

रामसुकुल मण्डल

प्रदेश २ सरकारले आर्थिक वर्ष २०७६/७७ का लागि ३८ अर्ब ७२ करोड ५६ लाख ६१ हजारको बजेट ल्याएको छ । प्रदेश २ का आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमार यादवले चालुतर्फ १९ अर्ब २६ करोड १ लाख ९७ हजार र पुँजीगततर्फ १९ अर्ब २६ करोड ५४ लाख ६४ हजारको बजेट प्रस्तुत गरेका हुन् । वित्तीय व्यवस्थातर्फ २० करोड छुट्याइएको छ । स्वास्थ्य, शिक्षा, भौतिक पूर्वाधार विकास, पर्यटन, खानेपानी, सिँचाइ, नदी नियन्त्रण, वन तथा वातावरण संरक्षण, संघीयता कार्यान्वयन र सुशासनलाई प्राथमिकता दिइएको छ ।

सरकारले प्रदेशसभा सदस्य निर्वाचन विकास क्षेत्र कार्यक्रमलाई निरन्तरता दिँदै २ अर्ब ३५ करोड विनियोजन गरेको छ । कृषिक्षेत्रतर्फ मझौला तथा अन्य सिँचाइ आयोजनाका लगि १ अर्ब ११ करोड, जनता आवास कार्यक्रमलाई १ अर्ब ३८ करोड ७० लाख र प्रादेशिक सडक विस्तारका लागि ७२ करोड रूपैयाँ छुट्याइएको छ ।

कक्षा १ देखि ८ सम्मका दलित तथा विपन्न बालबालिकालाई महिनाको ५ सय रूपैयाँ छात्रवृत्ति दिन ४८ करोड, महिला तथा बालबालिकाको पोषणका लागि २९ करोड, परिवार नियोजन तथा आङ खस्ने समस्याबारे जनचेतना अभियान चलाउन १६ करोड ५ लाख १४ हजार विनियोजन गरिएको छ । जनकपुर अञ्चल अस्पताललाई प्रदेशकै नमुना रूपमा विकास गर्न २३ करोड र जिल्ला अस्पताल सुधारका लागि ३० करोड विनियोजन गरिएको छ । आगामी आर्थिक वर्ष बेटी पढाऊ बेटी बचाऊ अभियानलाई ३९ करोड ३५ लाख खर्चिईदै छ ।

प्रादेशिक सडक बनाउने कार्यलाई प्राथमिकतामा राख्दै सरकारले चालु वर्ष ६.५ प्रतिशत आर्थिक वृद्धिदर रहने अनुमान गरेको छ । २ सय मेगावाट सौर्य ऊर्जा स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न १ करोड छुट्याइएको छ । सप्तरीदेखि पर्सासम्म २ सय ५० किमि (मधेसी सहिद मार्ग) सडक बनाउने सरकारको योजना छ ।

मठमन्दिर र गुम्बाका लागि ४० करोड, चुरे क्षेत्रमा पुनर्भरणका लागि ५ करोड विनियोजन गरिएको छ, जनतासँग मुख्यमन्त्री कार्यक्रमका लागि १२ लाख विनियोजन गरिएको छ । कृषि तथा गैरकृषि क्षेत्रमा आयआर्जन बढाउँदै भौतिक पूर्वाधार विकास, सुशासन कायम गर्ने सरकारको लक्ष्य देखिन्छ । गरिब, अल्पसंख्यकको संरक्षणलाई प्राथमिकतामा राखिएको छ । प्रदेश रेडियो तथा मुद्रणका लागि ४ करोड ९० लाख, मुख्यमन्त्री स्वच्छता अभियानलाई निरन्तरताका लागि ३१ करोड ३५ लाख, सामुदायिक विद्यालयमा बालिकामैत्री शौचालय बनाउन ५ करोड, घुम्ती शौचालय सेवाका लागि ५० लाख, प्रधानमन्त्री कृषि योजना सञ्चालन गर्न ४९ करोड छुट्याइएको मन्त्री यादवले बताए । प्रत्येक जिल्लामा कृषि उपज भण्डारका लागि ४० करोड विनियोजन गरिएको छ । प्रदेश सरकारले विनियोजन गरेको बजेटप्रति अपेक्षित रूपमा जनतामा उत्साह छैन । नहुनुका पछाडि कार्यान्वयनमा हुँदै आएको शिथिलता नै हो । नेपालमा बजेटको कार्यान्वयन किन हुँदैन भन्ने सम्बन्धमा प्रकाशमा आएका केही तथ्यलाई बिर्सन मिल्दैन । बजेट तयारीमै समस्या पहिलो कारणका रूपमा लिइन्छ ।

बजेट तर्जुमा गर्ने चरणमा कार्यान्वयन गर्न सकिने प्रकारका कार्ययोजना बनाएर बजेटमा प्रस्तुत गर्नसक्ने हो भने धेरै समस्याको हल हुन सक्छ । बजेट कार्यान्वयनका सन्दर्भमा धेरैजसो काम गर्दा खरिद प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छर । नेपालमा सार्वजनिक निकायबाट खरिद प्रक्रिया पनि समयमा सुरू हुन नसकेको सरोकारवालाहरूको भनाइ छ ।

बजेट कार्यान्वयनका विभिन्न चरणमा जिम्मेवारी बोधको कमी देखिन्छ । सार्वजनिक विकास निर्माणका काम या कार्यक्रमलाई अरूको जिम्मा छाडेपछि म उम्कन्छु भन्ने मानसिकता नेपालमा बजेट कार्यान्वयन तथा आयोजनाहरूमा हुने ढिलाइको प्रमुख कारण रहेको अथविद्हरूको विश्लेषण छ । आफै जानकार भएर पनि बाहिरी विज्ञहरू राखेर देखाइने तामझामले पनि समस्या सिर्जना गरेको छ । यीआदि कारणले एकातिर समयमा बजेटे खर्च हुन्न र अन्तिम समयमा आएर हतार गर्दा पनि लगभग ४० प्रतिशत पूँजीगत वा विकास बजेट खर्च भएको छैन । यसको अर्थ हो, लक्ष्यभन्दा ४० प्रतिशत विकासमा कमी ।

प्रदेश २ सरकारले बजेटको अभावभन्दा पनि त्यसभन्दा बढी कर्मचारीको अभावमा बढी भौतारिन परेको गुनासो गर्दै आएका छन् । संघीय सरकारले प्रदेश सरकारलाई समयमा नै कर्मचारी पठाउन नसक्दा प्रदेश सरकारले लक्ष्य अनुसारको बजेट खर्च गर्न नसकेको प्रदेश २ का मुख्यमन्त्रीको गुनासो छ ।

संघीयताको मूल मर्म भनेको नागरिकहरूलाई जतिसक्दो छिटो सेवा प्रवाह गर्नु हो प्रदेश सरकारसँग भएको स्रोत र साधनको अधिकतम प्रयोग गरेर देशलाई विकासको गतिमा अघि बढाउनु हो । तर पटक प्रदेश २ सरकारले प्रदेशस्तरीय ठूला आयोजनामा लगानी गर्नेभन्दा पनि कनिका छरेजस्तो गरी बजेट ल्याएको छ । प्रदेश सरकारलाई आत्मनिर्भर बनाउनेभन्दा पनि परनिर्भर भइरहने नीति लिएको देखिन्छ । प्रदेश सरकारले संघीय सरकारले दिने बजेट थोरै भयो भन्दै गुनासो गर्दै आएका छन् । प्रदेश सरकारले गुनासो मात्र गर्ने होइन भएको बजेट मात्र समयसीमाभित्र नै कार्यान्वयन गर्ने हो भने विकासले फड्को मार्न धेरै समय लाग्दैन । तर, आम नागरिकले बजेट घोषणा कार्यलाई कर्मकाण्डका रूपमा मात्र बुझ्ने अवस्थाबाट भने मुक्त हुन पाउनुपर्छ ।

बजेटमार्फत् संघीय सरकारले सांसदलाई ६ करोड रूपैयाँ छुट्एको छ । केन्द्र कै सिको गरेर प्रदेश २ सरकारले पनि त्यही बाटो पछ्एको छ । प्रदेश २ सरकारले सार्वजनिक गरेको बजेटमा प्रदेशसभाका निर्वाचित ६४ सांसदलाई ३ करोड रूपैयाँ छुट्याएको छ । संघीय सरकारभै प्रदेश २ सरकारमा पनि नारा हावी देखिए । प्रदेशले पनि केन्द्रकै सिको गरेर बजेट ल्याएको छ । वस्तुतः प्रदेश सरकारको बजेट परम्परागत शैलीमा आएको छ । बजेट भाषण सुन्दा कर्णप्रिय लागेपनि बजेट परम्परागत नै रहेको छ । केन्द्रको जुन शैलीको विरोध गरिएको थियो, त्यसैको सिको गरेरै बजेट ल्याइएको छ । केन्द्रको बजेट संघीयताअनुकूल आएन भनेर प्रदेश सरकारले विरोध जनाइ रहँदा त्यही शैलीमा आफैले बजेटमा ल्याउनु पक्कै पनि उसको कमजोरी हो । संघीयता र समावेशिता वकालत गर्दै मधेश आन्दोलनबाट उदाएका समाजवादी पार्टी र राजपा नेपाल सम्मिलित प्रदेश २ सरकारले ल्याएको बजेटमा केही नयाँ कुरा छैन । संघीयता र समावेशिताको आवाज उठाउने एक मात्र प्रदेश भएकाले समावेशी आर्थिक नीतिअनुसार बजेट आउन नसकेको अर्थविदहरूको धारणा छ । यद्यपी समावेशीको नाममा सामान्य रूपमा बजेट त छ तर त्यसको ढाँचा मिलेको छैन ।

आम गरिब, किसानको नाममा बजेट छैन । मुलुकमा गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत रहेकोमा प्रदेश २ मा १९ दशमलव ८ प्रतिशत छ । प्रदेशहरूको तुलनामा गरिबीको मामिलामा यो प्रदेश पाँचौं स्थानमा रहेको छ । देशको औसत बेरोजगार दर ११ दशमलव ४ प्रतिशत रहेकोमा यस प्रदेशको २० दशमलव १ प्रतिशत छ । जो सबैभन्दा उच्च हो । मुलुकको मानव विकास सूचकांक ० दशमलव ५७४ रहेकोमा यस प्रदेशको सूचकांक ० दशमलव ४८४ रहेको छ ।

बजेटमा उल्लेख भएका जनतामा संघीयताको मर्मअनुरूप आर्थिक, सामाजिक एवं राजनीतिक रूपान्तरणसहितको विकासको अनुभूति दिलाउने कार्य मुख्य चुनौतीको रूपमा रहेको छ । पुँजीगत खर्च गर्ने क्षमतामा अभिवृद्धि गरी आर्थिक वृद्धि तथा आर्थिक विकासमार्फत समृद्ध प्रदेश निर्माण गर्ने कार्य अर्को चुनौतीपूर्ण देखिएको छ ।

मदेश दर्पण

पानीबाट फैलने रोग र अपनाउनु पर्ने सावधानी

डा. केदारबहादुर कार्की

मानव शरीरमा पानी अनेक अर्थमा जीवनदाता मानिन्छ । यसैले भनिएको पनि छ-जल नै जीवन हो । मानिस मात्र होइन, पानीको उपयोग सबै सजीव प्राणीहरूका लागि एक अनिवार्य आवश्यकता मानिन्छ । रुख बिरुवा एवम् वनस्पतिजगत्का साथै कृषि फसलहरूको सिंचाइका लागि पनि आवश्यक पर्दछ । यो ती पाँच तत्त्वहरूमध्ये एक हो, जसबाट हाम्रो शरीरको संरचना भएको छ र हाम्रो मन वाणी चक्षुस्रोत तथा आत्मालाई तृप्त गर्दछ । पानी बिना हामी बाँच्न सक्दैनौं ।

शरीरमा यसको कमी भएमा प्यास लाग्छ । पानीले शरीरको सन्तुलन मिलाएर राख्न मद्दत गर्दछ । अतः यो हाम्रो जीवनको आधार पनि हो । अहिलेसम्म प्राप्त जानकारीअनुसार यो प्रष्ट भएको छ कि पानी हाम्रो अस्तित्वको लागि धेरै आवश्यक छ । यसैले यो शुद्ध एवम् सफा हुनु पनि आवश्यक छ । सफा पानी भन्नाले त्यो मानव स्वास्थ्यको लागि हानिकारक अशुद्धीहरू र रोग उत्पन्न गराउने जीवाणुबाट मुक्त हुनु पर्दछ । नत्र हामीले पिउने पानी हाम्रो शरीरको लागि उपयुक्त हुँदैन ।

रोगाणुहरू, विषालु पदार्थहरू एवम् अनावश्यक मात्रामा लवणयुक्त पानीले अनेक खालका रोगहरू जन्माउँछ । विश्वभरमा ८८ प्रतिशतभन्दा बढी रोगहरूमा प्रत्यक्ष या परोक्ष रूपमा प्रदूषित पानीको संलग्नता हुन्छ । प्रतिघण्टा १ हजार केटाकेटीहरूको मृत्यु झाडापखालाका कारणले हुने गर्दछ । जुन प्रदूषित पानीका कारणले हुने गर्दछ । याज्ञवल्क्य संहिताले जीवाणुयुक्त फोहोर फिनेल दुर्गन्धयुक्त खोर हावाको फोका निस्किरहेको पानीले नुहाउन पनि निषेध गरेको छ । तर आजको स्थिति बडो चिन्ताजनक छ । शहरमा बढ्दो आवादीले गर्दा उत्पन्न हुने मलमूत्र, फोहोरमैलालाई पाइप लाइन तथा ढल-नालीबाट प्रवाहित गरी नदी तथा सतही जलस्रोतहरू प्रदूषित गरिँदैछ । यसैगरी विकासको नाममा कलकारखाना, साना-ठूला उद्योगबाट निस्केको फोहोरमैलाबाट पनि हाम्रा खोला-नाला प्रदूषित भइरहेका छन् । जहाँ भूमिगत एवम् पक्की ढल नालीको व्यवस्था छैन । यदि भए पनि फुटेका या चर्किएका छन्, जहाँ मलमूत्र, फोहोरमैलायुक्त पानी भूमिगत या कुनै होचो भूमिमा प्रवाहित गरिन्छ । जहाँबाट यो दूषित जल रसाएर, चुहिएर भू-गर्भ जललाई पनि प्रदूषित गरिराखेको हुन्छ ।

कस्तो विडम्बना, हामीले यस्तो महत्वपूर्ण जीवनदायी जललाई प्रगति एवम् विकासको अन्धो दौडमा रोगकारक बनाइराखेका छौं । जब एक निश्चित मात्राभन्दा बढी यसमा रोगहरू सार्ने विषालु रसायन, सूक्ष्म जीवाणु या कुनै प्रकारको फोहोर अशुद्धी आउँछ, तब यस्तो पानी हानिकारक हुन्छ । यस प्रकारको पानीको उपयोग जब सजीव प्राणीले गर्दछन्, तब विविध रोगको शिकार हुन्छन् । दूषित जलको माध्यमबाट मानव स्वास्थ्यलाई हुने हानिलाई निम्न प्रमुख समूहमा बाँड्न सकिन्छ :

दूषित पानीमा भएका रोगजनक जीवबाट उत्पन्न रोगः

विषाणुद्वाराः जण्डिस, पोलियो गैस्ट्रो इन्टराइटिस, रुघाखोकी, सङ्क्रामक हेपाटाइटिस र बिफर ।

जीवाणुद्वाराः झाडापखाला, अतिसार, म्यादीज्वरो, हैजा, रुघाखोकी, सुजाक, उपदंश, जठरान्त्र, शोध प्रवाहीका, क्षय रोग आदि ।

प्रोटोजोवाद्वाराः पायरिया पेचिस, निद्रारोग, मलेरिया, अमिबियोसिस, जियार्डियोसिस ।

जुकाद्वाराः फाइलेरिया, हाइडेटिज, सिस्ट रोग तथा पेटमा विभिन्नखाले जुका पर्नाले स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्छ ।

लेप्टोस्पाइरल बाइल्स रोग

रोग उत्पन्न गराउने जीवबाहेक अनेकौं प्रकारका विषालु तत्त्व पनि पानीको माध्यमबाट हाम्रो शरीरमा पुगेर स्वास्थ्यलाई प्रभावित पार्दछन् । यी विषालु तत्त्वहरूमा प्रमुखतः कैडामी यम, लिड, मर्करी, निकल, सिल्भर, आर्सेनिक आदि छन् । जलमा फलाम, मैगनिज, क्यालि्सयम, बेरियम, क्रोमियम, कपर, सिलिकन, युरेनियम, बोरोन तथा अन्य लवणहरू जस्तैः नाइट्रेट, सल्फेट, बोरेटे कार्बोनेट आदिको अधिकताले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्छ ।

पानीमा म्याग्नेसियम वा सल्फेटको अधिकताले आन्द्रा पोल्ने गर्दछ । नाइट्रेटको अधिकताले केटाकेटीमा मेटा हिमोग्लोबिनेमिया नामक रोग लाग्छ तथा आन्द्रामा पुगेर नाइट्रोसोएमिनमा बदलिएर पेटको क्यान्सर उत्पन्न गराउँछ । फल्लोरिनको अधिकताले फलोरोसिस नामक रोग लाग्छ । यसैगरी कृषिक्षेत्रमा प्रयोग गरिने कीटनाशक औषधि एवम् उर्वरकहरूको अंश पानीको स्रोतहरूमा पुगेर स्वास्थ्य समस्यालाई भयावह बनाउँछ । प्रदूषित ग्यासहरू कार्वन डाई-अक्साइड तथा सल्फर डाइअक्साइड पानीमा मिसिएर पानीको स्रोतलाई अम्लीय बनाउँछ ।

अनुमान छ कि बढ्दो जनसंख्या एवम् लापरबाहीले जहाँ एकातिर प्रदूषण बढ्नेछ अनि त्यही ऊर्जाको माग एवम् खपतको अनुसार महँगो हुनेछ । यसको खानेपानी योजनामा सिधा प्रभाव पर्नेछ । ऊर्जाको पूर्ति हेतु जहाँ एकातिर विशाल बाँध बाँधेर जलविद्युत योजनाहरूबाट लाभ पाइनेछ, त्यही यसको प्रभाव स्वच्छ जल तथा तटीय पारिस्थितिक तन्त्रमा पर्नेछ, जसका कारण अनेक क्षेत्रमा जलमग्न हुने तथा ठूलो आवादीलाई स्थानान्तरणको साथै सिस्टोमायोसिस तथा मलेरीयाजस्ता रोग बृदधी हुनेछ । जल प्रदूषणको मात्रा दिनदिनै बढिराखेको छ । यसले विकराल रुप धारण गर्नेछ ।

सफा सुरक्षित पानी

अतः सबै प्रकारको जलप्रदूषणबाट बच्चको लागि आवश्यक छ कि पूरै जलप्रवर्द्धनमा जल दोहन यसको प्रयोग र वितरणपछि जल प्रवाहनको समुचित व्यवस्था होस् । सबै विकास योजनाहरू सुविचारित एवम् सुनियोजित होस् । कलकारखाना, उद्योगधन्दाहरू बस्तीबाट टाढा हुनुपर्दछ । पशुहरूका लागि बेग्लाबेग्लै पोखरीको व्यवस्था गरिनु पर्दछ ।

नदी-झरना, नहरको पानी प्रदूषित हुनबाट बचाउनु पर्दछ । यसको लागि घरेलु तथा कलकारखानाहरूको अवशिष्ट पदार्थहरूलाई पानीको मुहानमा मिसाउनुभन्दा पहिले नष्ट गरिनु पर्दछ । डिटरजेण्ट्सहरूको प्रयोग कम गरेर प्राकृतिक वनस्पतिको प्रचलन बढाउनु पर्दछ ।

प्रदूषण रोक्नका लागि कठोर नियम बनाउनु का साथै कडाइका साथ लागू गरिनु पर्दछ । सामान्य तथा घरेलु उपयोगमा पानी प्रयोग गर्नुभन्दा पहिले पानी शुद्ध छ कि छैन भन्नेमा आश्वस्त हुन जरुरी छ । पिउनको लागि फिल्टरको पानी प्रयोग गर्ने, कुवाको पानी कीटाणुरहित पार्न बेला-बेलामा ब्लिचिङ पाउडर प्रयोग गर्नुपर्छ ।



तपाईंको यो साता

मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
तर्क, विवाद र प्रतिस्पर्धामा सफलता प्राप्त होला । आत्मानुसाशित भई काममा लाग्नुहोला ।

वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
एक पछि अर्को अवसर आउनाले मन प्रसन्न रहला । व्यापार-व्यवसायमा राम्रै लाभ होला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) आधुनिक हात-हतियारको व्यापार-व्यवसायको लगानीमा नास हुने देखिन्छ । प्रेम पक्ष राम्रोछ ।

कर्कट (हि, हु, है, हो, डा, डि, डु, डे, डो)
धातु सम्बन्धी व्यापारमा राम्रै आम्दानी हुनेछ । औधोगिक स्थानको भ्रमण हुने देखिन्छ । आशावादी भएर कार्य गर्नुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
खेति, किसान वा कृषिकार्य गर्नेहरुका लागि आजको दिन उत्तम देखिन्छ । प्रेमी-प्रेमिकाका बीच मनमुटाव सुरु हुनेछ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
दैनिक कामहरुमा बाधा अड्चन देखा पर्नेछ । अध्ययन-अध्यापन क्षेत्रमा लगनशील हुनुहोला । परीक्षाफल आउने देखिन्छ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)
सहकर्मिबाट विरोध हुनेछ । विपरित लिङ्गीको सहयोग प्राप्त हुनेछ । नयाँ-नयाँ कुरा बन्नेछ ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
आफ्नो प्रतिफबाद अरुले फाइदा उठाउन सक्छन् । आर्थिक लेनदेनमा अति होसियार रहनुहोला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
अध्ययनमा प्रगति हुनेछ । सुखद समाचारले उमङ्ग जगाउनेछ । वुद्धिले काम चिताएको योजना बन्नेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
विशेष भेटघाटले काममा उत्साह बनाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन समिनेछ । किर्तिमानी काम गर्ने समय छ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)
पछिका लागि केही वस्तु त्याग्नुपर्ला । दोहोऱ्याएर प्रयतन गरेमा रोकिएको काम बन्नेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
अरुलाई प्रभावित पारेर काम बनाउने समय छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

देशभर सवारीसाधन दुर्घटनामा वृद्धि

अच्युत रेग्मी

देशभर सवारीसाधन खरिदबिक्री बढेसँगै दुर्घटनामा समेत वृद्धि भएको छ । आर्थिक वर्ष २०७५/७६ मा देशभर सवारीसाधन दुर्घटनामा दुई हजार ७८९ जनाको मृत्यु भएको छ । सो अवधिमा १३ हजार ३६६ सवारीसाधन दुर्घटनामा परेका थिए ।

दुर्घटनामा चार हजार ३७६ जना गम्भीर घाइते तथा १० हजार ३६० व्यक्ति सामान्य घाइते भएका थिए । प्रहरी प्रवक्ता एवम प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलका अनुसार आव २०७४/७५ को तुलनामा आव २०७५/७६ मा देशभर सवारीसाधन दुर्घटनाबाट मृत्यु हुनेको सङ्ख्या बढेको छ । आव २०७४/७५ मा नौ हजार ९८९ सवारीसाधन दुर्घटना हुँदा दुई हजार ३१८ जनाको मृत्यु भएको थियो । आव २०७३/७४ मा भने आव २०७४/७५ को भन्दा बढी व्यक्तिको सवारी दुर्घटना परी मृत्यु भएको थियो ।

आव २०७३/७४ मा १० हजार १७८ सवारीसाधन दुर्घटना हुँदा दुई हजार ३८४ जनाको ज्यान गएको थियो । चालकको लापरवाही, यात्रुको



गल्ती, उछिन्ने काम, तीव्रगति, मादकपदार्थ सेवन, यान्त्रिक गडबडी, बढी गहरुङगो सामानका कारण बढी दुर्घटना हुने गरेको पोखरेलको भनाइ छ । प्रहरी प्रधान कार्यालयका अनुसार मोटरसाइकल, ट्रक, टिपर, जीप, कार, ट्र्याक्टर र टेम्पो बढी दुर्घटना हुने गरेको छ ।

उपत्यकामा दुर्घटना बढ्यो

काठमाडौं उपत्यकामा पनि सवारीसाधन दुर्घटनाको सङ्ख्या वर्षेनी बढेर गएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाका अनुसार आव २०७४/७५ को तुलनामा आव २०७५/७६ मा सवारी दुर्घटनाबाट मृत्यु हुनेको सङ्ख्या बढेको छ । आव २०७३/७४ मा उपत्यकामा सवारी दुर्घटनाबाट १९४ जनाको मृत्यु भएकामा आव २०७५/७६ मा उक्त सङ्ख्या बढेर २५४ पुगेको छ । आव २०७३/७४ मा उपत्यकामा सवारी दुर्घटनाबाट १८२ जनाको ज्यान गएको थियो ।

महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्तकुमार पन्त फराकिलो सडक, भौतिक पूर्वाधारको कमी र तीव्र गतिका कारण उपत्यकामा सवारीसाधन दुर्घटनामा वृद्धि भएको बताउछन् । चालकलाई ट्राफिक ज्ञान नहुँदा उपत्यकामा दुर्घटना बढेको हो, उनी भन्छन् ।

महाशाखाले उपत्यकाको सवारी दुर्घटनालाई कम गर्न विभिन्न समय विभिन्न किसिमका जनचेतनामूलक कक्षा सञ्चालन, तीव्र गतिमा गुड्ने सवारीसाधनलाई सीमित गति, सडकको बीच भागमा डिभाइडर राख्नेलगायत काम गर्दै आएको छ ।

किन हुन्छ दुर्घटना ?

लामो समयदेखि महानगरीय ट्राफिक प्रहरी महाशाखामा बसेर काम गर्नुभएका पूर्वप्रहरी उपरीक्षक जगतमान श्रेष्ठ मानवीय कारणअन्तर्गत तीव्र गतिमा सवारी चलाउनु र चालकको लापरवाहीका कारण बढी दुर्घटना हुने गरेको बताउछन् । उनले २५ प्रतिशतभन्दा बढी दुर्घटना चालकको लापरवाहीका कारण हुने गरेको बताए । श्रेष्ठ तीव्र गतिलाई कम गर्नसके ३० देखि ४० प्रतिशत दुर्घटनामा कमी आउन सक्ने बताए ।


नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनाल सडक सुरक्षित भएमात्र सवारीसाधन दुर्घटनामा कमी आउने भएकाले सडक सुरक्षित गर्न नेपाल प्रहरीले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताए । 'सडक दुर्घटनालाई कम गर्न गृहमन्त्रालयले सात प्रदेशको १४ स्थानमा चालक तथा यात्रुका लागि आरामस्थल निर्माण गरिरहेको छ ।' उनले भने । यातायात व्यवस्था विभागका अनुसार हाल देशभर ३५ लाख तथा काठमाडौं उपत्यकामा ११ लाखको हाराहारीमा सानाठूला सवारीसाधन सञ्चालनमा छन् ।

अब धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस । हामी तपाईंको सेवामा तत्पर छौं ।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

सप्तकोशी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७

चौदण्डी नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं
– नगरपालिकालाई बुझाउनु पर्ने सवै किसिमका करहरु समयमै बुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

चौदण्डी नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

हाम्रा उपलब्ध सेवाहरु

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा



फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि

अगाडी फोन नं.: ०३१-५५०१८७

जनकपुरधाम विमानस्थलमा हवाई इन्धन भर्ने सेवा प्रारम्भ

जनकपुर / नेपाल आयल निगम लिमिटेडद्वारा आजदेखि जनकपुरधाम विमानस्थलमा हवाई इन्धन भर्ने केन्द्रको स्थापना गरिएको छ ।

हवाई इन्धन भर्ने सेवा उपलब्ध नभएका विमानस्थलमा इन्धन भर्ने सेवा विस्तार गर्दै जाने योजनाअनुरूप निगमद्वारा जनकपुरधाम विमानस्थलमा सो केन्द्रको स्थापना गरिएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले एक समारोहबीच हवाई इन्धन भर्ने सेवाको प्रारम्भ गर्दै प्रदेश नं २ को हवाई यातायात क्षेत्रको विकासमा यसले टेवा पुऱ्याउने धारणा व्यक्त गरे ।

उनले आगामी दिनमा जनकपुरधाममा रात्रिकालीन हवाई यातायात सेवा शुरु हुने सन्दर्भमा पनि इन्धन भर्ने सेवा महत्वपूर्ण हुने स्पष्ट पार्दै प्रदेश नं २ को विकास अभियानमा एकताबद्ध हुनु जरुरी भएको बताए ।

प्रदेश नं २ को मानव विकासको सूचकाङ्क चिन्तनीय रहेको चर्चा गर्दै उनले यस प्रदेशको विकास अभियानमा सबै राजनीतिक दलको अग्रसरता आवश्यक भएको बताए ।

मन्त्री यादवले प्रदेश सरकारले जनकपुर चुरोट कारखानालाई जेलमा बन्द गरे झैं राखेको छ भन्दै आफूले बन्द उद्योग पुनः सञ्चालन गर्ने नीतिअनुरूप जनकपुर चुरोट कारखाना पुनः सञ्चालन गर्ने कुरा गर्दा प्रदेशका एक मन्त्रीले आफूलाई लक्षित गरी दम्भ प्रदर्शन गर्नु दुःखद भएको बताए ।

मधेशको दुर्दशा देख्दा पीडा हुन्छ भन्दै उनले यहाँ द्वन्द्वको आवश्यकता छैन, कमजोरीलाई सच्याउँदै सकारात्मक सोचका साथ विकास कार्यमा अग्रसर हुनुपर्ने धारणा राखे ।

प्रदेश नं २ का उद्योग, वन, वातावरण एवं पर्यटनमन्त्री रामनरेश रायले विगतमा जनकपुरधाम विमानस्थलमा हवाई इन्धन भने अन्यत्र जानुपर्ने समस्या रहेकामा सोको आजदेखि अन्त्य भएको बताए ।

नेपाल आयल निगमका कार्यकारी निर्देशक सुरेन्द्रकुमार पौडेलले आगामी दिनमा जनकपुरधाम विमानस्थलमा अत्याधुनिक, स्थायी र आफैं भण्डारण गर्ने केन्द्र स्थापनाका लागि बजेटको विनियोजन भइसकेको जानकारी दिए ।

'पुष्पललाई राष्ट्रिय विभूति घोषणा गर्न माग

सप्तरी /नेकपा (माओवादी केन्द्र)ले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठलाई राष्ट्रिय विभूति घोषणा गर्न आग्रह गर्दै सरकारलाई मागपत्र बुझाएको छ ।

सो पार्टीका स्थायी समिति सदस्य आलोक रायमाझीले शुक्रवार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री धनबहादुर बुढामार्फत प्रधानमन्त्रीसमक्ष सो मागपत्र बुझाउनुभएको हो ।

संस्थापक महासचिव श्रेष्ठको वैज्ञानिक योगदानको उच्च मूल्याङ्कन गरी उनलाई राष्ट्रिय विभूति घोषणा गर्न माग गर्दै पत्र बुझाइएको उनले जानकारी दिए ।

दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

हाम्रा सेवाहरुः

यहाँ हरेक किसिमका बिरामीहरूको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

बिशेषज्ञ डाक्टर

डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग

डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग

डा. बरुण देव, नाक-कान तथा घाटी रोग बिशेषज्ञ



जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू

OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान

N/C/ Bose (बंगाली निज निवास) त्रियुगा पुल नजिक

सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६१, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा बवासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

कञ्चनरुप नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरूवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

कञ्चनरुप नगरपालिकाको कार्यालय,
२ नं. प्रदेश, सप्तरी

बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔं , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔं साथै वोट विरूवा रोपौं ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔं ।
– आफना चौपायहरू जथाभावी छाडा नछाडौं ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
– सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
– सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर